प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय

# यातायात व्यवस्था सेवा कार्यालय, हेटौंडा

बागमती प्रदेश, मकवानपुर, नेपाल।

## शिलबन्दी प्रस्ताव आव्हान सम्बन्धि सूचना ।

प्रथम पटक प्रकाशित मिति: २०७८।०३।३०

यस कार्यालयबाट प्रवाह हुने सवारीचालक अनुमतिपत्र प्रदान गर्ने प्रयोजनको लागि प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ को दफा ५१, सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ को नियम २०(२) बमोजिम निवेदकको लागि तोकिएका योग्यताहरूको शारिरीक परीक्षण गरी सवारीचालक अनुमतिपत्र लिन योग्य छन/छैनन् भनि प्रमाणित गर्न (चिकित्सक उपस्थित भइ स.चा.अ.प.को Online Software मा निजकै User ID बाट Medically Fit/Unfit भनी Approval (Click) गर्नको लागि यस कार्यालयमा चिकित्सकको दरबन्दी नभएको हुँदा चिकित्सक सेवा खरिद गर्नको लागि तपशिल बमोजिमको योग्यता पुगेका व्यक्ति र आफुसँग चिकित्सक आवद्ध भएका संस्थाहरूले तपशिलमा उल्लेखित सेवा शर्त बमोजिम सेवा प्रदान गर्ने गरी तोकिएका कागजातहरू र सेवा उपलब्ध गराए बापत आफुले प्रति सेवाग्राहि लिन चाहेको सेवा शुल्क प्रस्ताव एकैसाथ शिलबन्दी गरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस कार्यालयमा शिलबन्दी प्रस्ताव दर्ता गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१. उपलब्ध गराउनुपर्ने सेवा:
कार्यालयमा चिकित्सक उपस्थित भइ ऐन तथा नियमावलीमा उल्लेखित योग्यता पूरा भए नभएको सम्बन्धमा स्वास्थ्य परीक्षण र रक्त समूह परीक्षण गरी सोको प्रमाणपत्र जारी गरी **Online Approval** गर्ने

२. चिकित्सकको योग्यता:

क) व्यक्तिको हकमा तपशिल अनुसारको कागजात पेश गर्नुपर्नेछ:

- नेपाल सरकारद्वारा मान्यताप्राप्त चिकित्सक वा मान्यताप्राप्त संस्थाबाट **MBBS** उत्तिर्ण गरी **Nepal Medical Council** मा दर्ता भएको हुनुपर्ने,
- कार्यालयको लागि कम्तिमा २ जना चिकित्सकले समान शुल्कमा र रक्त समूह परीक्षण गर्ने १ जना प्राविधिक जनशक्ति सहितको सेवा उपलब्ध गराउनुपर्ने,

ख) संस्थाको हकमा तपशिल अनुसारको कागजात पेश गर्नुपर्नेछ:

- चिकित्सा सेवा प्रदान गर्नकोलागि नेपाल सरकार वा अन्तरगतका कार्यालयबाट स्वीकृति लिएको हुनुपर्ने,
- स्वास्थ्य सम्बधी सेवा उपलब्ध गराउँदा कम्तिमा २ जना चिकित्सक बुँदा नं. १(क) बमोजिम योग्यता पुगेका चिकित्सकबाट सेवा प्रदान गर्ने र निजहरूको योग्यता खुल्ने कागजातहरू समेत संलग्न गर्नुपर्ने,

(व्यक्ति वा संस्था दुबै स्थायी लेखा नम्बरमा दर्ता भएको हुनुपर्ने र सोको प्रतिलिपि पेश गर्नुपर्ने)

३. अन्य शर्तनामाहरू:

क) स्वास्थ्य परीक्षणको लागि आवश्यक पर्ने स्थान, जनशक्ति, उपकरण, फर्निचर, प्राविधिक लगायत चिकित्सक व्यक्ति/संस्था स्वयंले व्यवस्था गर्नुपर्नेछ ।

ख) चिकित्सक सेवा उपलब्ध गराएबापत व्यक्ति/संस्थालाइ कार्यालयले कुनै प्रकारको शुल्क भुक्तानी गर्ने छैन । सेवा प्रदान गरेबापतको शुल्क प्रस्तावमा पेश गरेबमोजिम सेवाग्राहिबाटै बिल जारी गरी लिन पाउनेछ ।

ग) प्रस्तावमा पेश भइ छनौट हुने चिकित्सकले यस कार्यालयमा सेवा उपलब्ध गराउनुपर्ने कार्यालय समयमा यस कार्यालयको कामलाइ बाधा पर्ने गरी अन्य कार्यालय, संस्था वा अस्पतालमा काम गर्नेगरी सम्झौता गर्न पाउनेछैन ।

घ) चिकित्सकको जिम्मेवारी सवारी सम्बन्धि ऐन, नियमावली र यातायात व्यवस्थापन कार्यविधि निर्देशिकाको दफा १३.९ मा उल्लेख भए अनुसार हुनेछ ।

ङ) प्रस्ताव छनौट विधिका सम्बन्धमा सूचनामा उल्लेखित मितिले १५ औं दिनको कार्यालय समय ५ (पाँच) बजेभित्र दर्ता हुन आएका प्रस्तावहरू सोहि दिनको भोलीपल्ट ११ बजे (सो दिन बिदा परेमा सोको भोलिपल्ट दिनको ११ बजे) एकसाथ शिलबन्दी प्रस्तावहरू खोलिनेछ ।

च) रितपुर्वक दर्ता हुन आएका प्रस्तावहरूमध्ये आवश्यक योग्यता पुगेका प्रस्तावकहरू सबै समान रूपमा ग्राह्य हुनेछन र न्युनतम तोकिएको योग्यता बाहेक कुनै प्रकारको अतिरिक्त ग्राह्यता दिइने छैन । न्युनतम योग्यता पुगेका सबै प्रस्ताववाट कार्यालयले तोकेको शुल्कमा नबढ्ने गरी सबैभन्दा कम शुल्क कबोल गर्ने प्रस्तावकलाइ छनौट गरिनेछ ।

छ) शिलबन्दी प्रस्ताव खोलीसकेपश्चात कागजात थप गर्न, कबोल अंक सच्याउन वा केरमेट गर्न पाइने छैन । कबोल शुल्क अंक र अक्षर दुबैमा उल्लेख गर्नुपर्नेछ । रित नपुगि दर्ता भएका, शिलबन्दी नभएका प्रस्ताव उपर कुनै कारवाही हुनेछैन, त्यस्ता प्रस्ताव स्वतः अयोग्य ठहिरनेछ ।

*नोट: प्रस्तावकले शिलबन्दी प्रस्तावमा आपनो नाम, ठेगाना, सम्पर्क नम्बर र इमेल ठेगाना अनिवार्य उल्लेख गर्नुपर्नेछ । प्रस्ताव मुल्यांकन पश्चात आवश्यक जानकारी इमेल मार्फत दिइनेछ । प्रस्ताव आव्हान स्वीकृत/खारेजिको सम्पूर्ण अधिकार कार्यालयमा हुनेछ ।*

०७८।०३।३०